स्थानीय सरकार

सम्पर्क नं.०२५-५४२३८७

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(राजस्व शाखा)

दुहवी, सुनसरी

कोशी प्रदेश, नेपाल

प.सं.-२०८३/०८४

च.नं.-

मितिः२०८३/०४/१९

## सूचना !! सूचना!!! सूचना!!!!!

दुहवी नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नीति तथा कार्यक्रमअनुसार नगरवासी करदाताहरूलाई करको दायरामा आबद्ध गराई राजस्व संकलनलाई व्यवस्थित गर्ने उद्देश्यले **मिति २०८३ श्रावण १ गतेदेखि २०८४ असार मसान्तसम्म** नवीकरण गर्न आउने पुराना उद्योग तथा व्यवसाय तथा सम्पत्ति कर, घरबहाल कर (लागू हुने स्थानमा) र भूमिकर (मालपोत) मा लाग्ने जरिवाना शतप्रतिशत (१००%) छुट प्रदान गर्ने व्यवस्था गरिएको व्यहोरा सम्पूर्ण नगरवासीमा जानकारी गराइन्छ ।

यस अवसरको सदुपयोग गर्दै सम्बन्धित उद्योगी, व्यवसायी तथा सम्पूर्ण करदाताहरूले तोकिएको अवधिभित्र दुहवी नगरपालिकाको राजस्व शाखा वा सम्बन्धित वडा कार्यालयमा उपस्थित भई आफ्नो उद्योग/व्यवसाय नवीकरण तथा कर, शुल्क एवं दस्तुर बुझाई जरिवाना छुटको सुविधा प्राप्त गर्नुहुन हार्दिक अनुरोध छ ।

नोटः

- यो सुविधा २०८३ श्रावण १ गतेदेखि २०८४ असार मसान्तसम्म मात्र लागू हुनेछ।
- तोकिएको अवधि समाप्त भएपछि प्रचलित कानुनबमोजिम जरिवाना तथा अन्य शुल्क लाग्नेछ।

**समयमै कर तिरौं, समृद्ध दुहवी निर्माणमा योगदान पुऱ्याऔं ।**

२०८३/४/१९

**सुवर्ण घिमिरे**

**प्र.प्र.अ**